प्रति साधारण शेयर रु.१००/- अंकित दरको ३०,१९,८८६.१० कित्ता हकप्रद साधारण शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

नेपाल इन्स्योरेन्स

Nepal Insurance Company Ltd.
NIC Building, Kamaladi, Kathmandu, GPO Box: 3623, Kathmandu, Nepal
Tel: 4221353, 4545565/68, Fax: 977-1-4225446
nepalinsurance.com.np, Email: nepalinsurance.com.np

70 Years of Excellence
नेपालको पहिलो
बीमा कम्पनी

हकप्रद शेयरको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला हुने मितिः २०७५/१/५ गते

निष्काशन बन्द हुने मितिः २०७५/२/८ गते
(बैंकिंग समय पश्चात्)

१ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयरको

हकप्रद शेयर निष्काशन (Rights Issue) सम्बन्धी सूचना

कम्पनीको हाल कायम चुक्ता पूँजी रु.३०,१९,८८,६१०/- को एक शेयर बराबर एक शेयर (१ : १) को अनुपातमा रु.१००/- अंकित दरका ३०,१९,८८६.१० कित्ता हकप्रद साधारण शेयर मिति २०७४/१२/२२ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. संगठित संस्थाको नाम : नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड (Nepal Insurance Company Ltd.)

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३१, कमलादी, काठमाण्डौमा रहेको छ ।

३. कारोवार स्थान :

यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान बागमती अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.३१, कमलादी, काठमाण्डौमा रहेको छ । बीमा समितिको स्विकृती लिई नेपाल राज्य भित्र वा विदेशमा आवश्यकतानुसार शाखा कार्यालय वा अन्य कार्यालय खोली कारोवार गर्न सकिनेछ । यस कम्पनीले हाल निम्न स्थानहरुमा शाखा कार्यालयहरु खोली कारोवार सञ्चालन गर्दै आइरहेकोछ ।

क्र.सं.	नाम र ठेगाना	क्र.सं.	नाम र ठेगाना	क्र.सं.	नाम र ठेगाना	क्र.सं.	नाम र ठेगाना
१	शाखा कार्यालय, बरगाछी, विराटनगर	६	शाखा कार्यालय, न्यूरोड, पोखरा	११	शाखा कार्यालय, तीनदोबाटो, बनेपा	१६	शाखा कार्यालय, नारायणपथ, भैरहवा
२	शाखा कार्यालय, श्रीपुर, बिरगन्ज	७	शाखा कार्यालय, मिलनचोक, बुटवल	१२	शाखा कार्यालय, पुरानो बजार, बाग्लुङ	१७	शाखा कार्यालय, कदमचोक, जनकपुर
३	शाखा कार्यालय, मेनरोड, नारायणगढ	८	शाखा कार्यालय, लाहान बजार, लाहान	१३	शाखा कार्यालय, कुमारीपाटी, ललितपुर	१८	शाखा कार्यालय, न्यूरोड
४	शाखा कार्यालय, सुर्खेत रोड, नेपालगञ्ज	९	शाखा कार्यालय, भद्रपुर रोड, विर्तामोड	१४	शाखा कार्यालय, घोराही, दाङ	१९	शाखा कार्यालय, डडेलधुरा
५	शाखा कार्यालय, धनगडी	१०	शाखा कार्यालय, अजर अमर रोड, हेटौडा	१५	शाखा कार्यालय, ईटहरी	२०	शाखा कार्यालय सुर्यबिनायक, भक्तपुर

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड प्रचलित कम्पनी कानून बमोजिम मिति २००४ आश्विन ८ गते स्थापना भई सोही मिति देखि कम्पनीले आफ्नो कारोवार संचालन गर्दै आइरहेको छ । यस कम्पनीका सञ्चालकहरु एवं संस्थापकहरुमा बैंकिङ्ग, सहकारी, रेमिटेन्स, व्यापारिक प्रतिष्ठान, शैक्षिक, सुचना प्रविधि, तथा बीमा कम्पनीहरुमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

बीमा ऐन, २०४९ तथा बीमा नियमावली, २०४९, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधीनमा रही बिमक रुपमा कारोवार गर्ने यस कम्पनीको मुख्य उद्देश्य देहाय बमोजिम हुनेछ ।

- (क) बीमा कानून (बीमा ऐन, तथा नियमावली) अन्तर्गत सबै किसिमका निर्जीवन बीमा ब्यवसाय गर्ने गराउने,
- (ख) दुर्घटनाको कारणले मृत्यु, शारीरिक चोटपटक, सम्पत्तिको नोक्सानी, दायित्व आदिको लागि निर्जीवन बीमा गर्ने गराउने,
- (ग) अन्य स्वदेशी, बिदेशी बीमक तथा पुनर्बीमकसँग मिली सबै किसिमका निर्जीवन बीमा पूनर्बीमा गर्ने गराउने,
- (घ) पूनर्बीमाको कारोबार स्वदेश तथा बिदेशमा गर्ने गराउने ,
- (ङ) ब्यवसायको सिलसिलामा स्वदेश तथा बिदेशमा बीमक, पुनर्बीमक, दलाल, बीमा अभिकर्ता, सर्भेयर र लस एडजष्टर, इनभेष्टिगेटर, लस रिकभरर (Surveyor and Loss Adjustor, Investigator, Loss Recoverer) आदि नियुक्ति गर्ने गराउने,
- (च) बीमा पूनर्बीमा ब्यवसायको लागि स्वदेश तथा विदेशी बीमक पुनर्बीमकको प्रतिनिधि दलाल भई काम गर्ने गराउने,
- (छ) पूँजी, बीमा, पूनर्बीमा ब्यवसायबाट प्राप्त भएको रकम, लगानी प्रतिफल तथा अन्य आम्दानीबाट प्राप्त रकम बिभिन्न क्षेत्रमा लगानी गर्ने गराउने,
- (ज) राष्ट्रिय अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउने कृषि, औद्योगिक, पर्यटन, वित्तीय, हाउजिङ्ग आदि सम्बन्धी सहायक तथा अन्य कम्पनीको प्रबर्द्धन स्थापना ब्यवस्थापन गर्ने गराउने ।

५. शेयर पूँजीको संरचना :

- (क) **अधिकृत पूँजी :** यस कम्पनीको अधिकृत पूँजी रु.२,००,००,००,०००/- (अक्षेरुपी दुई अर्व) रहेको छ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा २,००,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
- (ख) **जारी पूँजी :** यस कम्पनीको जारी पूँजी रु.६०,३९,७७,२२०/- (अक्षेरुपी साठि करोड उनान्चालिस लाख सतहत्तर हजार दुई सय बिस) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ६०,३९,७७२.२ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
- (ग) **चुक्ता पूँजी :** यस कम्पनीको चुक्ता पूँजी रु.३०,१९,८८,६१०/- (अक्षेरुपी तीस करोड उन्नाइस लाख अठासी हजार छ सय दश) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- अंकित मूल्यका ३०,१९,८८६.१० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । स्वीकृत विवरण मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.६०,३९,७७,२२०/- (अक्षेरुपी साठी करोड उनान्चालिस लाख सतहत्तर हजार दुई सय बीस) हुनेछ ।

६. हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने कम्पनीको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	३०,७२,४८०.६०	५१%	३०,७२,४८,०६०/-	शतप्रतिशत
ख	सर्वसाधारण शेयरवालाहरु (कर्मचारीहरु सहित)	२९,६७,२९१.६०	४९%	२९,६७,२९,१६०/-	शतप्रतिशत
	जम्मा	६०,३९,७७२.२०	१००%	६०,३९,७७,२२०/-	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

कम्पनीको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

सि.नं.	नाम	पद	योग्यता	ठेगाना	अनुभव
१.	श्री अर्जुन पौडेल शर्मा (संस्थापक समूह)	अध्यक्ष	एम.बि.एस.	भरतपुर, चितवन	- आईएमई को-ओपरेटिभ सर्भिसेज लि.मा प्रमुख कार्यकारी अधिकृतको पदमा रही ५ बर्षको कार्य अनुभव । - आईएमई फाईनान्स लि. मा संचालकको पदमा रही २ बर्षको कार्य अनुभव । - आईएमई मलेसियामा संचालकको पदमा रही ८ बर्ष कार्य गरेको अनुभव । - बैंक/वित्तीय संस्था तथा सहकारी सम्बन्धी कार्यमा लामो समयदेखि आबद्ध ।
२.	श्री श्याम सुन्दर कँडेल (संस्थापक समूह) (प्रतिनिधी नेपाल बैंक लि.)	सञ्चालक	बि.एस्सी., ए.जी.	नेपाल बैंक लि., धर्मपथ, काठमाण्डौ	- हाल नायब महाप्रबन्धकको पदमा रही नेपाल बैंक लि.मा विगत २९ बर्षदेखि कार्यरत ।
३.	श्री दुर्गा प्रसाद नेपाल (संस्थापक समूह)	सञ्चालक	एम.ए.,बि.एड.	चावहिल, काठमाण्डौ	- बिगत १५ बर्ष देखि क्याम्पस प्रमुखको पदमा रही ब्रिलियन्ट मल्टीपल कलेजमा कार्यरत तथा इलाईट ग्राण्ड स्कुलमा अध्यक्षको पदमा रही कार्यरत रहनुको साथै अन्य संस्थाहरुमा समेत आबद्ध ।
४.	श्री रोमल कृष्ण श्रेष्ठ (सर्वसाधारण समूह)	सञ्चालक	बि.सी.ई.	बखुन्डोल, ललितपुर	- जावलाखेल ग्रुप अफ इन्डष्ट्रिजमा आई.टि. प्रबन्धकको रुपमा कार्य गरेको अनुभव । - तथ्याङ्क प्रशासकको पदमा रही लायन कम्पनी अस्ट्रेलियामा ३ बर्ष कार्य गरेको अनुभव । - तथ्याङ्क प्रशासक, सिष्टम बिश्लेशक तथा प्रशासकको पदमा रही कमर्शियल मेटल कम्पनी अस्ट्रेलियामा ६ बर्ष कार्य गरेको अनुभव ।
५.	श्री सागर सिंह साउद (सर्वसाधारण समूह)	सञ्चालक	बि.सी.ए.	थालकांडा, बैतडी	- सफ्टवेयर डेभलपर्सको रुपमा विगत २ बर्ष देखि कार्यरत ।
६.	श्री दिवाकर पौडेल (सर्वसाधारण समूह)	सञ्चालक	बि.एस्सी.	टोखा-७, धापासी	- बेष्ट रेमिटमा प्रबन्ध निर्देशकको पदमा रही २ बर्ष कार्य गरेको अनुभव । - आईएमई मलेसियामा संचालन निर्देशकको पदमा रही १५ बर्ष कार्य गरेको अनुभव ।
७.	श्री बिष्णु खेतान अग्रवाल (संस्थापक समूह)	सञ्चालक	बि.बि.ए.	त्रिपुरेश्वर, काठमाण्डौ	- गाउल्ड पेपर कर्पोरेशनमा वित्त बिश्लेषकको पदमा रही ८ बर्ष कार्य गरेको अनुभव । - हाल बिष्णु इन्टरनेशनल डिल एन पाइप फिटिङ्स् एण्ड बायो ग्यास आइटलमा प्रोप्राइटरको रुपमा सन् २०१५ देखि आबद्ध ।

नोटः हाल सञ्चालक समितिबाट नियुक्त हुने स्वतन्त्र सञ्चालक (२ (दुई) नियुक्त हुन बाँकी ।

प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी विवरण :

नाम : बिजय बहादुर शाह **ठेगाना :** गुलरिया बर्दिया **शैक्षिक योग्यता :** एम.वि.ए, एफ.सि.ए.

अनुभव : सुर्य नेपाल प्रा.लि. मा वित्त प्रबन्धक भई ११ वर्ष, गोर्खा ब्रुअरी प्रा.लि मा फाईनान्स डाइरेक्टर भई ३ वर्ष, प्रकृती संरक्षण कोषमा वित्त तथा प्रशासन प्रमुख भई ३ वर्ष, नेशनल इन्भेष्टमेन्ट एण्ड क्यापिटल मार्केटस लि. मा प्रमुख कार्यकारी अधिकृतको पदमा रही २ बर्ष, एनएलजी इन्स्योरेन्स कम्पनी लि.मा प्रमुख कार्यकारी अधिकृतको पदमा रही ८ बर्ष कार्य गरेका अनुभव, नेपाल इन्स्योरेन्स कम्पनी लि. मा प्रमुख कार्यकारी अधिकृतको रुपमा मिति २०७४/०४/०९ देखि कार्यरत ।

८. संचालक समितिको बनौट :

कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार ९ (नौ) जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछ :

"क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु	४ जना
"ख" समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु	३ जना
संचालक समितिको सिफारिसमा साधारण सभाबाट नियुक्त स्वतन्त्र संचालक	२ जना
जम्मा	९ जना

९. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

स्वीकृत विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु.३०,१९,८८,६१०/- को एक शेयर बराबर एक शेयर (१ : १) (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.३०,१९,८८,६१०/- बराबरको प्रति शेयर रु.१००/- अंकित दरका ३०,१९,८८६.१० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर एक शेयर (१ : १) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । साविक शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

१२. हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

स्वीकृत हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई कम्पनीको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

१३. कम्पनीको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

विवरण	वास्तविक (रु. हजारमा)			आ.ब.०७४/०७५ पौष मसान्त सम्मको	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४		आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७
श्रोत							
१ चुक्ता पूँजी	२८७,६०८	२८७,६०८	२८७,६०८	३०१,९८९	६०३,९७७	१,०१२,१४५	१,०१२,१४५
२ जगेडा तथा कोष	१३५,४१५	१३७,७२५	१५४,६६२	१५९,५३१	२६१,५५५	२५५,९८७	३५४,६३८
३ बीमा कोष	५३,२४०	८१,१८०	१३५,८०७	१५७,१९५	२३२,७११	३११,२६३	४३४,७६२
४ महा-विपत्ती जगेडा	३,०२०	३,०२०	५,०६६	७,२०४	१५,४८२	३०,६७४	५६,६९६
५ तिर्न बाँकी दिर्घकालिन ऋण तथा सापटी	-	-	-	-	-	-	-
कूल श्रोत	४७९,२८३	५०९,५३२	५८३,१४३	६२५,९१९	१,११३,७२६	१,६१०,०६९	१,८५८,२४१
उपयोग							
६ स्थिर सम्पत्ति (खुद)	२८,४२६	३१,२१२	३०,७६१	२९,७८०	६८,१६२	८७,३१०	१०६,५१९
७ दीर्घकालिन लगानी	२२९,६६०	२२२,१२३	२२८,८१५	३१०,४२९	२१९,१३४	२१९,१३४	२१९,१३४
८ दीर्घकालिन कर्जा	३३,३९५	३०,६१६	३२,०५५	३३,१५४	३५,२६०	३८,७८६	४२,६६५
चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु :							
९ नगद तथा बैंक मौज्दात	८०,४७५	१३६,१८५	७०,५७९	८७,९२३	८१,५०३	८३,७३६	८८,३०१
१० अल्पकालिन लगानी	७१२,०२४	६२९,२७२	७६०,६१७	८५२,२०७	१,४१९,५८९	२,०९६,६७४	२,५३६,६१९
११ अल्पकालिन कर्जा	-	-	-	-	-	-	-
१२ अन्य सम्पत्ति	४५६,७७१	५३१,९८२	४५१,९३९	४०४,८८३	४५६,०३६	५०५,७८०	५५३,६०९
जम्मा (क) (९+१०+११+१२)	१,२४९,२७०	१,२९७,४३९	१,२८३,१३४	१,३४५,०१३	१,९५७,१२९	२,६८६,१८९	३,१७८,५२९
चालु दायित्व तथा व्यवस्थाहरु :							
१३ चालु दायित्व	१३७,४५०	२९९,५५८	२३७,७५६	२३४,०१६	२६६,१८९	२९६,४९१	३२९,१५४
१४ असमाप्त जोखिम वापत व्यवस्था	२२७,४८८	१९६,९२२	१७०,७२२	२३४,३१८	२८४,३७४	३६०,४८३	४४१,६७९
१५ भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था	५०४,८३९	४०४,२७२	३०९,८१५	२९१,२६५	२९१,२७४	३५५,५४८	४०८,८८०
१६ अन्य व्यवस्था	२५१,६९७	२०९,२४२	२७३,३२७	२९९,७०३	३२४,१२२	४०८,८२७	५०८,८९०
जम्मा (ख) (१३+१४+१५+१६)	१,१२१,४७४	१,१०९,९९४	९९१,६२१	१,०५९,३०२	१,१६५,९५९	१,४२१,३४९	१,६८८,६०३
१७ खूद चालु सम्पत्ति (ग)=(क) - (ख)	१२७,७९६	१८७,४४५	२९१,५१३	२८५,७११	७९१,१७०	१,२६४,८४०	१,४८९,९२६
१८ अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु	-	-	-	-	-	-	-
१९ नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान	६०,००६	३८,१३७	-	-	-	-	-
२० कूल उपयोग ६+७+८+१७+१८+१९	४७९,२८३	५०९,५३२	५८३,१४३	६५९,०७४	१,११३,७२६	१,६१०,०६९	१,८५८,२४१

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			आ.ब.०७४/०७५ पौष मसान्त सम्मको	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४		आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७
आम्दानी :							
१ आय व्यय हिसाबबाट सारेको नाफा/(नोक्सान)	-६५,०६१	४७,३४४	१५७,८९१	६०,२९९	१७४,५४९	१८९,९९४	३१४,२३३
२ लगानी कर्जा तथा अन्यबाट आय	५२,६२१	१७,३१४	२१,४५६	१८,७६०	९२,७६६	८३,९१४	९६,९२२
३ व्यवस्था फिर्ता	८४५	८,०७९	९८६	-	-	-	-
४ अन्य आम्दानी	-	-	-	-	-	-	-
जम्मा आम्दानी (क)	-११,५९५	७२,७३७	१८०,३३२	७९,०५९	२६७,३१५	२७३,९०८	४११,१५५
खर्च :							
५ व्यवस्थापन खर्च	१२,०५१	१२,२६९	१३,७११	७,७३९	१७,१८८	१९,८८९	२३,०१५
६ अपलेखन खर्च	-	-	-	-	-	-	-
७ शेयर सम्बन्धी खर्च	९३३	३८०	१३७	१०७६	५,५३६	७,१४३	-
८ अन्य खर्चहरु	-	-	-	-	-	-	-
९ नोक्सानीको लागी व्यवस्था	१८७	२	१	-	-	-	-
१० कर्मचारी आवास व्यवस्था	-	-	-	-	-	-	-
११ कर्मचारी बोनस व्यवस्था	-	५,४६२	१५,१३५	६,३८६	२२,२३५	२२,४४३	३५,२८६
१२ समायोजित आयकर (अ) = (आ) - (इ)	-३,४४२	-१,२५६	३६,२२४	२१,०८२	५३,३६८	६६,२६३	१०४,६८३
आ) आयकर	-	१,०५४	४२,०९२	२१,०८२	२८,५४७	६७,३३०	१०५,८५७
इ) स्थगन कर सम्पत्ती/(दायित्व)	३,४४२	२,३१०	५,८६७	-	-२४,८२१	१,०६७	१,१७४
जम्मा खर्च (ख)	९,७२९	१६,८५७	६५,२०९	३६,२८३	९८,३२८	११५,७३८	१६२,९८३
खूद नाफा/(नोक्सान) (ग) = (क) - (ख)	-२१,३२५	५५,८८०	११५,१२३	४२,७७६	१६८,९८७	१५८,१७०	२४८,१७२
१३ (क) बीमा कोषमा सारेको	-	२७,९४०	५७,६२८	२१,३८८	९६,९०४	७८,५५१	१२३,४९९
(ख) बीमा जगेडामा सारेको	-	-	-	-	-	-	-
१४ अघिल्लो बर्षसंग सम्बन्धित खर्च	३५,३७८	३,७६१	१,८९९	-	-	-	-
१५ अघिल्लो बर्षबाट सारिएको नाफा/(नोक्सान)	१३९	-६०,००६	-३८,१३७	-	१३,१३२	७३,३६४	१३६,७२४
१६ बाँडफाँटको लागी उपलब्ध रकम	-५६,५६४	-३५,८२७	२०,४५९	२१,३८८	८५,२१६	१५२,९८२	२६१,३९७
शेयर प्रिमियमबाट सारिएको रकम	-	-	१६,९७२	-	-	-	-
क) स्थगन कर जगेडा	३,४४२	२,३१०	५,८६७	-	-२४,८२१	१,०६७	१,१७४
ख) पूँजीगत जगेडा	-	-	-	-	-	-	-
ग) विशेष जगेडा	-	-	-	-	-	-	-
घ) अन्य जगेडा (विवरण खुलाउने)	-	-	-	-	-	-	-
ङ) प्रस्तावित लाभांश	-	-	-	-	२५,६६९	-	-
अ) बोनस शेयर	-	-	२८,०४२	-	२५,६६९	-	-
आ) नगद लाभांश	-	-	१,४७६	-	-	-	-
च) महा-विपत्ती जगेडा	-	-	२,०४६	२,१३९	११,००४	१५,१९२	२६,०२२
१७ वासलातमा सारेको नाफा/(नोक्सान)	-६०,००६	-३८,१३७	-	१९,२४९	७३,३६४	१३६,७२४	२३४,२०१

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक (रु. हजारमा)			आ.ब.०७४/०७५ पौष मसान्त सम्मको	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४		आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७
चूक्ता पूँजी	२८७,६०८	२८७,६०८	२८७,६०८	३०१,९८९	६०३,९७७	१,०१२,१४५	१,०१२,१४५
साधारण जगेडा कोष	१३५,४१५	१३७,७२५	१५४,६६२	१५९,५३१	२६१,५५५	२५५,९८७	३५४,६३८
बीमा कोष	५३,२४०	८१,१८०	१३५,८०७	१५७,१९५	२३२,७११	३११,२६३	४३४,७६२
महा-विपत्ती जगेडा	३,०२०	३,०२०	५,०६६	७,२०४	१५,४८२	३०,६७४	५६,६९६
नाफा नोक्सान हिसाब	-६०,००६	-३८,१३७	-	-	-	-	-
जम्मा नेटवर्थ	४१९,२७७	४७१३९६	५८३,१४३	६२५,९१९	१,११३,७२६	१,६१०,०६९	१,८५८,२४१
शेयर संख्या ('०००)	२,८७६	२,८७६	२,८७६	३०२०	६,०४०	१०,१२१	१०,१२१
प्रति शेयर नेटवर्थ	१४५.७९	१७७.१७	२०२.७६	२०७.२६	१८४.४	१५९.०७	१८३.५९
प्रति शेयर आम्दनी (EPS)	-७.४१	१९.४३	४०.०३	१४.१६	२७.९८	१५.६३	२४.५२
तरलिकृत प्रति शेयर आम्दनी (DEPS)	-७.४१	१८.५०	३६.४६	१४.१६	२७.९८	१५.६३	२४.५२

नोट : आ.ब.०७४/०७५ को पौष मसान्तसम्मको वित्तीय विवरणहरु लेखापरिक्षण हुन बाँकी तर लेखापरीक्षकबाट प्रमाणित वित्तीय विवरणहरु हुन ।

द्रष्टब्यः प्रक्षेपित वित्तीय विवरण कम्पनी स्वयंले तयार गरेको हो र सो वित्तीय विवरणहरु गरी पुनरावलोकन गरी ठिक छ भनि प्रमाणित गर्ने विशेषज्ञमा बिदुर एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट संस्था, पुतलीसडक, काठमाण्डौ प्रमाणित गर्नुभएको हो ।

१४. संगठित संस्थाले गर्ने भएको काममा नीहित सम्भाबित आर्थिक जोखिमहरु :

- क) विद्यमान बीमा कम्पनीहरु र नयाँ बीमा कम्पनीहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
- ख) बिमितहरुको जोखिम बहन गरे बापत हुन सक्ने जोखिमहरु ।
- ग) देशको मौद्रिक नीति तथा बीमा समितिले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुन सक्ने सम्भावित जोखिमहरु ।
- घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
- च) देशको बैदेशिक ब्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घटबढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
- छ) निक्षेपको ब्याजदरमा आउने परिवर्तनबाट उत्पन्न हुनसक्ने जोखिमहरु ।
- ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
- झ) नेपाल सरकार तथा बीमा समितिको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुनसक्ने जोखिमहरु ।
- ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस कम्पनीको सञ्चालनको इतिहास ७० (सत्तरी) वर्ष भन्दा बढिको रहेकोछ । सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न ब्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ ।

- क) कम्पनीको बिमितहरुको जोखिम बहन गरे बापत भएको सम्पत्तिहरुको नोक्सानी भई हुन सक्ने जोखिमहरुको लागि कम्पनीले असमाप्त जोखिम ब्यहोर्ने कोषको ब्यवस्था गरेको छ ।
- ख) कम्पनीमा दावी परेको तर भुक्तानी नभइसकेको दावीहरुको सम्बन्धमा कम्पनीले भुक्तानी हुन बाँकी दाबीहरु बापत ब्यहोर्ने कोषको ब्यवस्था गरेको छ ।
- ग) कम्पनीले बीमा बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य ब्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि ब्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध रहेको छ ।
- घ) त्यस्तै अन्य जोखिमहरु न्यूनीकरण गर्नका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने नीति रहेको छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिमः
रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

- १) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व कम्पनीले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।
- २) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिंदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली कम्पनीद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
- ३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
- ४) हकप्रद शेयरका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।
- ५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
- ६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।
- ७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।
- ८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा कम्पनीको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।
- ९) स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यवस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिंदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

१६. यस कम्पनीको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रु.)	न्यूनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
०७१/०७२	६३०/-	३०६/-	३८९/-	१९०.५४
०७२/०७३	१,४९०/-	३२०/-	१,२३५/-	९८५.३८
०७३/०७४	१६१६/-	५६४/-	१५१०/-	१,४५२.३९

महिना	अधिकतम शेयर मूल्य (रु.)	न्यूनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
२०७४ पौष	१,४८०/-	१,३५०/-	१,३७०/-	२७.७३
२०७४ माघ	१,३७७/-	१,२१७/-	१,२१७/-	११.७५
२०७४ फागुन	१,३१५/-	९२२/-	९६३/-	३५.४६

द्रष्टब्यः यस कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

१७. शेयर बाँडफाँट सम्बन्धी व्यवस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार हकप्रद शेयरको निष्काशन बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँट गरी अभौतिक (Demat) रुपमा सम्बन्धित शेयरधनीको खातामा शेयर जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

१८. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिन भित्र धितोपत्र सूचिकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइएको छ ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै ब्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची-११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

- (क) हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै ब्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी ब्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,
- (ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने ब्यवस्था नियम १७ को उपनियम ४ बमोजिम प्रकाशित विवरणमा ब्यवस्था गरिएको,
- (ग) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेकोमा त्यस्तो सीमा भित्र रहेको, पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,
- (घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,
- (ङ) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,
- (च) मनोनयन गरिने ब्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको,
- (छ) हक हस्तान्तरण आंशिक वा पुरैको लागि निवेदन दिंदा निवेदनका साथ हक हस्तान्तरण गरी लिइने हकप्रद शेयरको चुक्ता रकमको १ प्रतिशत रकमले हुने आउन रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।
- (ज) हक हस्तान्तरणको लागि मनोनयन गर्दा एक ब्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ ।
- (झ) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर अन्य ब्यक्तिलाई मनोनयन गरी हस्तान्तरण गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरिद पाउने छैन ।

२०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

- १) श्री बीमा समितिको निर्देशन बमोजिम चुक्ता पूँजी कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न ।
- २) कम्पनीको पूँजीगत योजना बमोजिमको पूँजी पुऱ्याउने उद्देश्य अनुरुप मिति २०७४/५/३० गते सम्पन्न ६७औं तथा ६८औं बार्षिक साधारण सभाबाट एक शेयर बराबर एक शेयर (१ : १) को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।
- ३) कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
- ४) कम्पनीको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि कम्पनीको संस्थाको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र
- ५) कम्पनीको पूँजी आधारलाई मजबुत तुल्याइ राख्न ।

२१. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

स्वीकृत "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण अनुसार हकप्रद शेयर जारी गरी प्राप्त हुने पूँजी कम्पनीले देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ ।

क्र.सं.	लगानी शिर्षक	रकम (रु.)
१.	जोखिम बहन क्षमता अभिबृद्धि	करिब रु.४,००,००,०००/-
२.	लगानी अभिबृद्धि	करिब रु.१५,००,००,०००/-
३.	भौतिक पूर्वाधार तथा शाखा विस्तार	करिब रु.११,१९,८८,६१०/-
	जम्मा	करिब रु.३०,१९,८८,६१०/-

२२. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री नेपाल इन्भेष्टमेन्ट बैंक लि., दरवारमार्ग, काठमाण्डौ ।	००१०१०१०३२८७९१
२.	श्री कुमारी बैंक लि., पुतलीसडक, काठमाण्डौ ।	०१२४५२४६१७१०००१८
३.	श्री मुक्तिनाथ विकास बैंक लि., काठमाण्डौं प्लाजा, कमलादी, काठमाण्डौ ।	०१३१०४००१२०५३६००००६

उपरोक्त निष्काशन बैंकमा दरखास्त फाराम वितरण गर्ने तथा बुझिलिने ब्यवस्था गरिएको छैन ।

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई संगठित संस्थाले सूचना प्रकाशन गरी आवेदन खुल्ला भएको मितिले बढीमा थप १५ (पन्ध्र) दिन सम्मका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

२४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१ श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं तथा शाखा कार्यालयहरुः लालदरबार, काठमाडौं, लगनखेल, ललितपुर तथा चिप्लेढुङ्गा, पोखरा ।
२. श्री नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडको रजिर्ष्टर्ड कार्यालय का.म.न.पा. वडा नं.३१, कमलादी, काठमाण्डौ तथा कम्पनीका सम्पूर्ण शाखा कार्यालयहरु ।
३. श्री नेपाल धितोपत्र बोर्डबाट इजाजत पत्र प्राप्त सि-आस्बा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र शाखा कार्यालयहरु ।

उपरोक्त स्थानहरुको अलावा हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल एस क्यापिटल लि.को नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौमा पठाईएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त सि-आस्वा (C-ASBA- Application Supported by Blocked Amount) सेवामा सहभागी अन्य बैंक वा वित्तीय संस्थाहरुमा समेत सि-आस्वा (C-ASBA) प्रणाली मार्फत शेयर दरखास्त फाराम बुझाउन सकिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम निष्काशनकर्ता कम्पनी नेपाल इन्स्योरेन्स कम्पनी लि. को वेवसाइट www.nepalinsurance.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एनआईबिएल एस क्यापिटल लि. को वेवसाइट www.niblcapital.com बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी नेपाल इन्योरेन्स कम्पनी लि.को वेवसाइट www.nepalinsurance.com.np तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.niblcapital.com बाट हेर्न सकिनेछ ।

२५. क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यवस्था :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" अनुसार निष्काशन गरिने हकप्रद साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "ईक्रा एनपि आईपिओ ग्रेड ४+" प्रमाणपत्र प्राप्त गरेको छ । "ईक्रा एनपि आईपिओ ग्रेड ४+" ले औसत भन्दा तल (Below Average Fundamentals) आधारहरु जनाउँदछ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

२६. संचालकहरुले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस कम्पनीको आधारभुत शेयरधनीहरु तथा संचालकहरुले जम्मा रकम रु. १७,४४,७२,४७५/- भुक्तानी गरिएको व्यहोरा अवगत गराउंछौं ।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।



दरखास्त फारामको नमूना

नेपाल इन्स्योरेन्स
Nepal Insurance Company Ltd.
NIC Building, Kamaladi, Kathmandu, GPO Box: 3623, Kathmandu, Nepal
Tel: 4221353, 4545565/68, Fax: 977-1-4225446
nepalinsurance.com.np, Email: nepalinsurance.com.np
70
नेपालको पहिलो
बीमा कम्पनी

कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

मितिः २०७४ / /

को

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

सि.नं.

मार्फतः
एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com
(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)

कोड नं.

श्री संचालक समिति,
नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड
कमलादी, काठमाडौं, नेपाल ।

शेयरधनी नं./परिचय नं.

हितग्राही खाता नं.	DP ID	Client ID

महोदय,

त्यस कम्पनीबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७४/१२/२२ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस कम्पनीको जम्मा .... कित्ता शेयर कायम रहेको र सो शेयरको शतप्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा कम्पनीले जारी गरेको एक शेयर बराबर एक शेयर (१ : १) को अनुपातमा .... कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा .... कित्ता तथा हक हस्तान्तरण भै आएको .... कित्ता गरि जम्मा................कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस कम्पनीको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

शेयर	साविकको जम्मा शेयर कित्ता	हक मध्ये लिन चाहेको शेयर कित्ता	हक हस्तान्तरण गरिएको भए गरिदिनेको शेयरधनी नं./हितग्राही खाता नं.		हक हस्तान्तरण गरि लिएको शेयर कित्ता	आफ्नो हक तथा हक हस्तान्तरण गरिएको समेत
भौतिक रुपमा कायम रहेको			शेयरधनी नं.			
अभौतिक रुपमा कायम रहेको			हितग्राही खाता नं.	DP ID		
जम्मा				Client ID		

प्यान नं.		प्रति शेयर रु.१००/- को दरले बुझाएको रकम जम्मा रु.		
अक्षरेपी रुपैयाँ				
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना			चेक नं.	
रकम बुझाएको संकलन केन्द्रको नाम र ठेगाना			भौचर/ड्राफ्ट नं.	
निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक		
	In English	Mr./Mrs./Miss/Minor		USE CAPITAL LETTER
स्थायी ठेगाना	वडा/घर नं./टोल		गा.वि.स./न.पा.	
Address	Ward/House No./Tole		VDC/Municipality	
जिल्ला		P.o Box No:/District	नागरिकता प्र.नं./जारी भएको जिल्ला	
District			Mobile/phone No.	
बाबुको नाम				
Father's Name				
बाजेको नाम				
Grandfather's/ Name				
पति/पत्नीको नाम				
Husband/Wife's Name				
संरक्षकको नाम (नाबालकको हकमा)				
Guardian's Name (Incase of minor)				

मैले/हामीले यस हकप्रद शेयरको लागि गरेको लगानीको स्रोत बैधानिक हो । नियमन निकायबाट माग भई आएको खण्डमा प्रचलित कानून बमोजिम लगानीको श्रोत उपलब्ध गराउन मञ्जुर गर्दछु/गर्दछौं ।

नोटः
१. साविक शेयरधनीले आफ्नो शेयरधनी नं./हितग्राही नं. अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DPID/Client ID दुवै उल्लेख गर्नुपर्नेछ ।
३. चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ र सो को जिम्मेवार निवेदक आफै हुनेछ ।

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु ।

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फतः
एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com
(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)

हकप्रद शेयर खरीद रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

शेयरधनी नं./परिचय नं.

Applicant's Name					
Company's Name	NEPAL INSURANCE COMPANY LTD.				
No. Of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

For Official Use Only: Code No.
Received by:
Date:
Stamp
DP ID
Client ID

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of
नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com
(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)